# बेलडाँडी गाउँपालिका आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तब्य

बेलडाँडी गाउँपालिका एघारौं गाउँ सभाको उद्घाटन सत्रका सभाध्यक्ष महोदय,

प्रमुख अतिथी, विशिष्ट अतिथी, अतिथी ज्यूहरु

गाउँ सभाका पार्षद्ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

कर्मचारी साथीहरु, सुरक्षाकर्मी मित्रहरु, सञ्चारकर्मी मित्रहरु र उपस्थित महानुभावहरु ।

१.सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र लोकतन्त्रका लागि भएका आन्दोलनहरुमा आफ्नो अमूल्यजीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली एवं श्रद्धासुमन अर्पण गर्दछु ।

आदरणीय सभाध्यक्ष महोदय,

२.हामी निर्वाचित भएर आए पश्चात जनताका आवश्यकताका आधारमा स्थानीय स्रोत साधनको अत्याधिक परिचालन मार्फत स्थानीय अर्थतन्त्रलाई गतिशिल र आत्मनिर्भर बनाउदै लोककल्याणकारी व्यवस्थातर्फको गतिशिल यात्रा तय गर्नेछौँ । स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी, पूर्वाधार विकास र सम्पुर्ण मानव विकासका पक्षमा प्राथमिकता दिई समावेशी विकासको मार्गमा जनप्रतिनिधी, राजनैतिक दल, गाउँवासी सबैको समन्वय, सहकार्य, ऐक्यवद्धता,आपसी सहिष्णुता, भातृत्व र मानवीय व्यवहारले मात्रै उन्नत गाउँ विकास गर्न सम्भव हुनेछ भनी अवगत गराउन चाहन्छु ।

आदरणीय सभाध्यक्षमहोदय,

३. यस गाउँपालिकाले आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका प्रमुख आधारहरु निम्न रहेका छन्।

- नेपालको संबिधानको समग्र मार्गदर्शन,मौलिक अधिकार र राज्यका नीति,निर्देशक सिद्धान्तहरु,एकल तथा साझा संवैधानिक अधिकार,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग ऐन, २०७४,
- संघीय र प्रदेश सरकारले जारी गरेका विषयत नीति तथा कानूनहरु,
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७४,
- १५औं आवधिक योजनाले आत्मसाथ गरेको दीर्धकालिन सोच,  लक्ष्य, उदेश्य,क्षेत्रगत नीति तथा कार्यक्रम र अवलम्बन गरिएका रणनीतिहरु,

- नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रम तथा बजेट,
- सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रम तथा बजेट,
- संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन,
- सन् २०३० सम्म पुरा गर्नुपर्ने गरी निर्धारण गरीएका दिगो विकासका लक्ष्यहरु,
- नेपालले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका प्रतिवद्धताहरु,
- यस गाउँपालिकाको विगतका आर्थिक वर्षहरुका नीति, कार्यक्रम र क्रमागत आयोजनाहरु,
- गाउँपालिकाका विषयगत समितिबाट प्राप्त सुझाव,
- गाउँपालिकामा विभिन्न माध्यमबाट प्राप्त भएका सुझाव तथा कार्यक्रमहरु।

यस गरिमामयगाउँ सभाका सदस्यज्यूहरु,

अव म चालु आर्थिक वर्ष २०७९/८० को आय ब्ययको संक्षिप्त समीक्षा पेश गर्न अनुमती चाहन्छु ।

४.चालु आर्थिक वर्ष २०७९/८० को आय तर्फ संघीय समानिकरण अनुदानबाट रु. १० करोड . ६१ लाख, संघीय सर्शत अनुदानबाट रु. १४ करोड २४ लाख , , संघीय राजश्व बाँडफाँटबाट रु. ७ करोड १९ लाख ५२ हजार र प्रदेश समानिकरणबाट रु. ७२ लाख २५ हजार प्रदेश राजश्व बाँडफाँटबाट रु. १३ लाख ६८ हजार, आन्तरिक आयबाट रु. ७५ लाख र संचित कोषको मौज्दातबाट रु. ३ करोड, गरी जम्मा रु. २४ करोड २९ लाख हुने अनुमान गरिएकोमा चालु आ.व.को जेष्ठ मसान्तसम्ममा संघीय समानिकरण अनुदानबाट रु. ९ करोड २८ लाख ३७ हजार ५०० सय, संघीय सर्शत अनुदानबाट रु. १४ करोड २४ लाख, संघीय राजश्व बाँडफाँटबाट रु. ४ करोड ९३ लाख ५८ हजार ९०० र प्रदेश समानिकरणबाट रु. ६३ लाख २१ हजार ८७५ , प्रदेश राजश्व बाँडफाँटबाट रु.१० लाख ८६ हजार ९७७, आन्तरिक आयबाट रु. ३२ लाख ११ हजार ९५९, संचित कोषको मौज्दातबाट रु. ३ करोड समेत गरी जम्मा रु २८ करोड ७ लाख ९५ हजार ११ आम्दानी प्राप्त हुन आएको छ ।

५.चालु आर्थिक वर्ष २०७९/८० को ब्यय तर्फ २०७९ जेष्ठ मसान्तसम्म चालु तर्फ रु. १६ करोड ५५ लाख ९ हजार ५५(५९.१८ प्रतिशत) र पूँजीगत तर्फ रु. ५ करोड १६ लाख ४४ हजार ४९७ (२८.९६ प्रतिशत) गरी जम्मा रु. २१ करोड ७१ लाख ५३ हजार ५०९ (४७.४१ प्रतिशत) अर्थात खर्च भएको जानकारी गराउन चाहन्छु ।

आदरणीय सभाध्यक्ष महोदय,

६.अब म बेलडाँडी गाउँपालिकाले आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु ।

क) गुणस्तरीय स्वास्थ्य तथा शिक्षा,
ख) उत्पादनशिल र आत्मनिर्भर कृषि अर्थतन्त्रको विकास,
ग) उत्पादनशिल र मर्यादित रोजगारी अभिवृद्धि,
घ) वातावरण अनुकुलन दिगो पूर्वाधार विकास,
ङ) सार्वजनिक सेवाको सुदृढिकरण र सुशासनको प्रत्याभुति,
च) दिगो, पूर्ण र उत्पादनशिल सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभुति,
छ) स्वच्छ खानेपानि तथा सरसफाई,

ज) विकासका अवसरहरुमा समन्यायिक पहुँच,

झ) लैङ्गीक समानता र सामाजिक समावेशीकरण आदि।

आदरणीय सभाध्यक्ष महोदय ,

अव म माथीका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत ब्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८०/८१ नीतितथा कार्यक्रम कार्यान्वयन गर्न रु ४६ करोड ९५ लाख ७७ हजार ८ सय २३ अनुमान गरेकी छु । कुल विनियोजन मध्ये चालु तर्फरु. २४ करोड ४५ लाख २ हजार ८२३ र पूँजीगततर्फरु. १२ करोड ५० लाख ७५ हजार र सामाजिक सुरक्षा तर्फ रु १० करोड रहने अनुमान प्रस्तुत गरेकी छु ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोतहरु मध्ये संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानबाट रु ९ करोड ४३ लाख, सशर्त अनुदानबाट रु १२ करोड ९४ लाख, राजश्व बाँडफाँटबाट रु ७ करोड ५ लाख ३४ हजार र समपुरक अनुदानबाट रु १ करोड ८५ लाख तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट रु ७६ लाख ९ हजार, प्रदेशबाट बाँडफाड हुने राजश्वबाट रु १४ लाख ५६ हजार र आन्तरिक आयबाट रु १ करोड ३० लाख प्राप्त हुने गरी अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

आगामी आ व को लागि शिक्षा तर्फ रु २ करोड ५० लाख स्वास्थ्य तर्फ रु १ करोड४५ लाख कृषि तर्फ रु २५ लाख पशु शाखा तर्फ रु १५ लाख ८० हजार महिला विकास तर्फ रु ६ लाख ४० हजार र सहकारी तर्फ रु २ लाख ५० हजार कानन तथा न्याय तर्फ रु ४ लाख ५० हजार वन वातावरण तथा विपद व्यवस्थापन तर्फ ५ लाख ६५ हजार सामाजिक विकास शाख रु २ लाख भूमी व्यवस्थापन मा रु १ करोड समावेसी विकास कार्यक्रम रु १३ लाख ७२ हजार राजश्व शाखा तर्फ रु १ लाख ५० हजार उपाध्यक्ष विषेश कार्यक्रममा रु १५ लाख क्याम्पस लाई अनुदान रु १५ लाख रेडक्रस लाई रु २ लाख ५० हजार अनुमान गरेकी छु ।

उल्लेखीत नीति तथा कार्यक्रको कार्यान्वयनबाट गाउँवासी जनताको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएकोछु ।

अन्त्यमा,

यो बजेट निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय गाउँप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु , विभिन्न राजनैतिक दल, उद्योग बाणिज्य संघ लगायत सरोकारवाला निकायहरु, सम्पूर्ण कर्मचारी साथीहरु र अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ब्यक्त गर्दछु ।

धन्यवाद ।

शान्ति नाथ

उपाध्यक्ष

मिति: २०८० आषाढ १० गते

बेलडाँडी गाउँपालिका, बेलडाँडी